# स्वास्थ्य नीति २०८१

स्वास्थ्य नीति, २०८१ जनपा

जयपृथ्वी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

चैनपुर बझाङ

# स्वास्थ्य नीति २०८१

कार्यपालिकाबाट स्वीकृत मिति : २०८१/०८/११

**प्रस्तावना :**

नेपालको संविधानले सबै नागरिकलाई स्वास्थ्य सेवामा पहुँच स्थापित गर्ने मौलिक हक प्रदान गरेको साथै स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ (झ) १ अनुसार आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धि नीति, कानून, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन गर्ने अधिकारको सुनिश्चितता गरिएको र यसैलाई मूर्त रूप दिनका लागि स्थानीय तहको भूमिकालाई सुदृढ गर्दै, स्थानीय तहको विशेष आवश्यकताहरूलाई सम्बोधन गर्ने स्वास्थ्य नीति निर्माण गर्नु अति आवश्यक रहेकोले,

स्थानीय स्वास्थ्य नीति तर्जुमा गर्नुको मुख्य उद्देश्य नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नु, मातृ तथा शिशु स्वास्थ्य सुधार गर्नु, संक्रामक र गैर-संक्रामक रोगहरूको रोकथाम तथा व्यवस्थापनमा ध्यान दिनु, र समुदायको समग्र स्वास्थ्य सूचकांकलाई उकास्ने, स्थानीय स्तरमा स्वास्थ्य सेवा पहुँच सुधार गर्न, सामाजिक समावेशीता सुनिश्चित गर्न, र वंचित तथा दुर्गम समुदायमा स्वास्थ्य सेवा पुऱ्याउनका लागि मार्गनिर्देशन प्रदान गर्नका साथै, स्वास्थ्य सेवा व्यवस्थापनलाई प्रभावकारी, समन्वयात्मक र दिगो बनाउने अभिप्रायले,

यस नीति निर्माणमा जन प्रतिनिधिहरू, स्वास्थ्यकर्मीहरू, र सम्बन्धित सरोकारवालाहरूको सक्रिय सहभागिता रहेको छ र यो नीति स्थानीय सरकारको योजना, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रक्रियालाई प्रभावकारी बनाउन मार्गदर्शक सिद्धान्तको रूपमा तयार गरिएकोले,

अतः यस स्वास्थ्य नीतिलाई पालिका कार्यपालिका बैठकबाट पारित गरी राजपत्रमा प्रकाशित गरिएको छ, जसले स्थानिय तहका नागरिकहरूलाई दिगो र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न महत्वपूर्ण योगदान दिनेछ ।

## १.पृष्ठभूमि

नेपालको संबिधान २०७२ ले नागरिकको मौलिक हकको रुपमा आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने र आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने व्यवस्था गरेको अवस्थामा जयपृथ्वी नगरपालिकाले सबै नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँच र आकस्मिक स्वास्थ्य सेवा पुऱ्याउने र आधारभूत स्वास्थ्य सेवा प्रवाहको सुनिश्चितता गर्नु अपरिहार्य रहेको छ । यसका लागि जयपृथ्वी नगरपालिकाले स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, औषधी, उपकरण, भौतिक पूर्वाधार, जनशक्ति व्यवस्थापन, सुशासन कायम गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्नुपर्ने अपरिहार्य रहेको छ ।

जयपृथ्वी नगरपालिकाको स्वास्थ्य र विकास अन्तर सम्बन्धित बिषयहरु हुन । स्वास्थ्य क्षेत्रमा भएका प्रगतिहरूलाई विकासका प्रमुख सूचकहरूको रूपमा लिइन्छ । जयपृथ्वी नगरपालिकाका आर्थिक अवस्था कमजोर, भौगोलिक रुपमा टाढा रहेका नागरिक अझै पनि अत्यावश्यक र आधारभूत स्वास्थ्य सुविधाबाट बञ्चित रहेका छन । गुण्स्तरीय स्वास्थ्य सेवा मार्फत मानव विकास सूचकाङ्कमा सुधार ल्याई यस नगरपालिकाको समग्र विकासका लागि प्रभावकारी स्वास्थ्य सेवाको व्यवस्था गर्नु अत्यन्तै जरुरी देखिएको छ ।

यस नगरपालिका भित्र नवजात शिशु तथा मातृ मृत्युलाई शुन्यमा पुऱ्याउनु, यौन तथा प्रजनन् स्वास्थ्यको अधिकारलाई स्थापित गर्नु, बढ्दै गएको नसर्ने रोग, शारिरीक तथा मानसिक स्वास्थ्यको प्रकोप नियन्त्रण गर्नु र कुनै पनि बेला हुन सक्ने स्वास्थ्य सम्बन्धी विपद्को तत्काल व्यवस्थापन गर्नु, जेष्ठ नागरिक, अपाङ्गता भएका, एकल महिला, यौनिक अल्पसंख्यक, खास गरी गरिब, सीमान्तकृत र जोखिममा रहेका समुदायलाई आधारभुत तथा गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ, मितव्ययी र पहुँच योग्य बनाउनु यस नगरपालिकाले दायित्वबोध गरेको छ ।

स्थापित संघीय संरचनामा स्थानीय तहका हरेक वडामा कम्तिमा एक स्वास्थ्य संस्था स्थापना गर्न, जनउत्तरदायी एवं कुशल व्यवस्थापनको माध्यमबाट आवश्यक सबै स्रोत र साधनको अधिकतम परिचालन गरी संघीय संरचनामा स्वास्थ्य सेवा प्रणाली विकास, विस्तार र सुधार गर्दै विद्यमान तथा नयाँ चुनौतीहरूलाई सही ढङ्गले सम्बोधन गरेर यस नगरपालिकाका नागरिकहरुको स्वास्थ्य प्रवर्द्धन, संरक्षण, सुधार र पुर्नस्थापन गर्न यस स्वास्थ्य नीति, २०८१ तयार गरी लागू गरिएको छ ।

## २. विगतमा गरिएका प्रयासहरु

राष्ट्रिय नीतिहरुका आधारमा स्वास्थ्य क्षेत्रमा धेरै सफलता प्राप्त भएका छन यद्यपी हालका स्वास्थ्यका सूचकहरुमा सन्तुष्ट हुने अवस्था छैन । दुर्गम क्षेत्रका, गरिब, लक्षित उमेर समुहका, शारीरिक अपाङ्गता भएका, तथा मानसिक रुपमा अशक्त नागरिकहरुमा आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्रदान गरिदै आएको छ । नेपाल सरकारले गरेको संबैधानिक व्यवस्था अनुसार आधारभूत स्वास्थ्यलााई सर्बसुलभ, पहुँचयोग्य बनाउन पालिकाका सबै वडाहरुमा स्वास्थ्य संस्थाको स्थापना गरिएकोछ । स्वास्थ्य संस्थाबाट प्रदा नगरिने सेवाहरु गुणस्तरीय र प्रभावकारी बनाउन स्वास्थ्यकर्मीहरुलाई स्वास्थ्य सम्बन्धि समय सापेक्ष तालीमहरुमा सहभागी गराइएकोछ । पालिकाको ६ वडाहरुमा प्रसुति केन्द्रहरु स्थापना गरिएका छन् ।

## ३. नगरपालिकाको बर्तमान अवस्था

| सि.नं | सुचकहरू | आ व २०८०/८१ | कैफियत |
|---|---|---|---|
| १ | संस्थागत सुत्केरीको प्रतिशत | १३९ | |
| २ | परिवार योजनाको प्रयोग दर | ३६ | |
| ३ | प्रोटोकोल अनुसार ८ पटक गर्भजाँच दर | ५४ | |
| ४ | २० बर्षमुनि गर्भजाँच गराउनेको संख्या | ८० | |
| ५ | प्रोटोकोल अनुसार ४ पटक प्रसुति पश्चात जाँच दर | ४० | |
| ६ | पाँच वर्षमुनिका बच्चाहरूको मृत्यु | ० | |
| ७ | शिशु मृत्यू | ० | |
| ८ | नवजात शिशु मृत्यु | ० | |
| ९ | मातृ मृत्यु | ० | |
| १० | पाँच वर्षमुनिका कम तौल भएका बच्चाहरू | २७ | |
| ११ | सबै आधारभूत खोप पाएका बच्चाहरूको प्रतिशत (पूर्ण खोप) | ९० | |

उल्लेखित सुचकहरुमा समग्रमा नेपालले उल्लेखनीय सफलता हासिल गरीसकेको र स्वास्थ्य क्षेत्रमा नेपाल सकारात्मक बाटोमा अग्रसर भइरहेको देखिए तापनि यस नगरपालिकामा स्वास्थ्य क्षेत्रका चुनौतीहरू अझै थुप्रै छन् । केही प्रमुख समस्या र चुनौतीहरू निम्नानुसार छन् ।

## ४. बिद्यमान स्वास्थ्य समस्या तथा चुनौतीहरू:

- भौगोलिक बिशिष्टता र समतामुलक हिसाबले स्वास्थ्य संस्थाहरुको व्यवस्था हुन नसकेकोले सबै तह, वर्ग र क्षेत्रका समुदायको आधारभूत स्वास्थ्य सेवामा पहुँच पुग्न सकेको छैन ।
- सबै वडाका स्वास्थ्य संस्थामा प्रसुति केन्द्र स्थापना नभएको ।
- सबै स्वास्थ्य संस्थामा पाँचवटै परिवार योजनाका साधन र सेवा उपलब्ध नभएकोले परिवार योजनाको अपरिपूर्त माग बढदै गएको ।
- बाल विवाहको अवस्था कायम रहेको यसका कारण स्वास्थ्य सम्बन्धि कार्यक्रम प्रभावकारी हुन नसकेको, कम उमेरमै गर्भवती हुने संख्या अधिक रहेको ।
- महिलाहरुमा प्रजनन् स्वास्थ्य रुग्णता (पाठेघर खस्ने समस्या, पाठेघरको मुखको क्यान्सर आदि) को समस्या रहेको ।
- मौजुदा स्वास्थ्य संस्थाहरुको भौतिक अवस्था कमजोर भएको, समयानुकुल सुधार गर्न नसकिएको र न्यूनतम पुर्वाधार सहितको रोग निदान सेवा समेत उपलब्ध हुन सकेको छैन ।
- मौजुदा स्वास्थ्य संस्थाहरुमा दरवन्दी अनुसारका स्वास्थ्यकर्मीहरु पूर्ति हुन सकेका छैनन् । स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीहरुका लागि समुचित र उत्साहप्रद वातावरण सृजना गर्नुपर्नेछ ।
- भौगोलिक विकटता, औषधि भण्डारण व्यवस्था (स्थान, कोल्डचेन, जनशक्ति आदि) को अभाव जस्ता कारणले गुणस्तरीय औषधिको आपुर्ति, वितरण र उपलब्धता सहज र पहुँच योग्य हुन सकेको छैन । प्राकृतिक प्रकोप र महामारीका बखत समयमै पर्याप्त औषधि उपकरण पुऱ्याउन

स्वास्थ्य नीति, २०८१ अनपा

र  दुर्गम क्षेत्रमा बसोबास गर्ने नागरिकलाई समुचित मुल्यमा औषधी उपलब्ध गराउनु र यसको नियमन गर्नु पनि चुनौतिपूर्ण छ ।

- यस नगरपालिकामा नसर्ने खालका रोगहरु जस्तै क्यान्सर, मुटु, मृगौला, मधुमेह, कलेजो, फोक्सोको रोग, दाँतको रोग, मानसिक रोगहरुको रोकथाम गर्नु जरुरी भएको छ ।
- यस नगरपालिका भित्र रहेका पिछडिएका, गरिब, असहाय, जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका नागरिक, अति दुर्गम भेगका नागरिकहरुका लागि स्वास्थ्य उपचार महगों पर्न गएको छ । अझ गम्भीर प्रकृतिका रोग लागेमा उपचार महंगो भई परिवार नै आर्थिक जोखिममा परी गरीबीमा जाने वा उपचार सेवा प्राप्त गर्न नसकि घरैमा बसि मृत्युवरण गर्नु परेको अवस्था पनि विद्यमान छ ।
- गरिबी, अशिक्षा, चेतनाको अभावका कारण कुपोषण, स्वच्छ खानेपानी र सरसफाइको समस्या रहेको छ । जसका कारण झाडापखाला, हैजा जस्ता महामारी फैलन सक्ने सम्भावना कायम रहेको छ ।
- भौगोलिक बिकटता, उपयुक्त स्वास्थ्य सेवा उपलब्ध हुन नसक्नु र समयमा सेवा प्राप्त गर्न जान समेत कठिन भएकै कारण नवजात शिशु, बाल स्वास्थ्य तथा मातृ  स्वास्थ्य जस्ता सेवामा पनि अपेक्षित लक्ष्य हासिल हुन सकेको छैन । अझै पनि यस नगरपालिकाका अधिकांश महिलाहरु घरैमा सुत्केरी हुने, किशोरावस्थामै बच्चा जन्माउने गरेको पाइएको छ । यसैगरी मातृ तथा नवजात शिशु र पाँच वर्ष मुनीका बालबालिकाको स्वास्थ्य तुलनात्मक रुपमा उच्च जोखिममा रहेको छ ।
- यस नगरपालिकाका जडिबुटी एवं आयूर्वेदिक उपचार पद्दतीको सदुपयोग पनि हुन सकेको छैन ।
- जेष्ठ नागरिक तथा अपाङ्गता भएका ब्यक्तिहरुको स्वास्थ्य उपचार, किशोर किशोरीहरुको यौन तथा प्रजनन स्वास्थ्य, विद्यालय जाने उमेरका बालबालिकाको स्वास्थ्य प्रवर्द्धनका लागि उचित स्वास्थ्य सेवाको व्यवस्था हुन सकेको छैन ।
- स्वास्थ्य क्षेत्रमा भएको लगानीको समुचित सदुपयोग भएको, नागरिकले पाएको स्वास्थ्य सेवा र ऐन नियमका कार्यान्वियनको सम्वन्धमा नियमित र प्रभावकारी अनुगमन हुन सकेको छैन ।
- यस नगरपालिकाका नगरबासीहरुमा गुणस्तरीय औषधी पुऱ्याउनु र नागरिकलाई उचित मुल्यमा औषधी उपलब्ध गराउनु र यसको नियमन गर्नु पनि चुनौतिपूर्ण छ ।
- नेपालको संबिधान २०७२ ले प्रदान गरेको निःशुल्क आधारभूत स्वास्थ्य सम्बन्धि अधिकारको समुचित ब्यवस्था मिलाउन र आकस्मिक स्वास्थ्य सेवाको बिस्तार र विकास गरी पहुँच बृद्धि गर्ने कार्य यस नगरपालिका परिवेशमा चुनौतिपूर्ण रहेको छ ।
- नगरपालिका भित्र आवश्यकता अनुसारका ठाउँमा र नागरिकको हित हुने गरी स्वास्थ्य क्षेत्रमा नीजि क्षेत्रको सहभागीता बढ्न सकेको छैन । गैह्र सरकारी क्षेत्रको लगानीलाई पारदर्शी, प्रभावकारी एवं थप ब्यवस्थित गर्नुपर्ने आवश्यकता रहेको छ ।
- पुर्वाधार विकासका मेरुदण्ड मानिने सडक विजुली, टेलिफोन, शुद्ध तथा पर्याप्त खानेपानीको समुचित व्यवस्था हुन नसक्नु, आधुनिक चिकित्सा पद्दतीमा दुर्गम भेगका नागरिकहरुको विश्वास कम रहनु र परम्परागत धामी, झाक्रिको अभ्यास गर्नु, र अपर्याप्त सरकारी/नीजि लगानी जस्ता चुनौतिहरु विद्यमान रहेका छन् ।

स्वास्थ्य नीति, २०७८ जनपा

**५. जयपृथ्वी नगरपालिका स्वास्थ्य नीतिका निर्देशक सिद्धान्तहरु**

माथि उल्लेखित समस्या, चुनौती आधारमा यस नगरपालिकाले स्वास्थ्य नीति तयार गर्दा यसका केही मौलिक निर्देशक सिद्धान्त प्रतिपादन गरी सोही आधारमा नीति तथा रणनीति प्रस्ताव गरिएका छन् । प्रस्तुत निर्देशक सिद्धान्तका आधारमा यस स्वास्थ्य नीति, २०८१ को कार्यान्वयन गरिनेछ ।

- यस नगरपालिकाका नागरिकहरूलाई मौलिक अधिकारको रुपमा आधारभुत तथा गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने व्यवस्था सुनिश्चित गर्ने ।
- यस नगरपालिकाका नागरिकले प्राप्त गर्ने स्वास्थ्य सेवा सम्बन्धी सूचनाको हक सुनिश्चित गरी स्वास्थ्य सेवाका हरेक तहमा जनसहभागीता बढाई सेवाग्राहीको सन्तुष्टि बृद्धि गर्ने ।
- यस नगरपालिकाद्वारा प्रदान गरिने स्वास्थ्य सेवामा गरीब, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, एकल महिला, सीमान्तकृत र जोखिममा रहेका वर्ग र समुदायको पहुँच सुनिश्चित गर्न समतामूलक र सामाजिक न्यायको आधारमा स्वास्थ्य कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिने ।
- स्वास्थ्य संस्थाको क्षमतानुसार गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरी सेवाग्राहीको बिश्वास बढाउने ।
- स्वास्थ्य सेवाबाट कोहि नछुटुन भन्ने अवधारणा अनुसार पालिकाका सबै नागरिकलाई आधारभूत स्वास्थ्य सेवाको पहुँचमा ल्याउने ।
- नागरिकको स्वास्थ्य प्रवर्धन, संरक्षण, सुधार र पुनर्स्थापन सम्बन्धी नीति तथा कार्यव्रक्रमहरू नगरपालिकाका अन्य नीतिहरूमा पनि समावेश गराउदै लगिने ।
- नागरिकले सर्वसुलभ ढङ्गले गुणस्तरीय स्वास्थ्य सेवा र उचित मुल्यमा गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने गरी यस नगरपालिका भित्र नीजि क्षेत्रको सहभागिता बढाईने ।
- यस नगरपालिकाको मौलिक र पम्परागत रुपमा रहेको आयुर्वेद, आम्ची लगायतका स्वास्थ्य पद्धतीको संरक्षण र प्रवर्द्धन गर्नका साथै नगरपालिका भित्रमा पाइने औषधिजन्य जडिवुटीको खोज अनुसन्धान संरक्षण प्रशोधन र प्रवर्द्धनगर्दै लगिने ।
- आन्तरिक तथा बाह्य निकायहरूबाट प्राप्त श्रोत र साधनलाई यो नीति र यस अन्तर्गत बनेका कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गरी परिचालन गरिने ।
- सरकारी, नीजि तथा गैरसरकारी क्षेत्रबाट उपलब्ध गराइने सम्पूर्ण स्वास्थ्य सेवाहरूको प्रभावकारी अनुगमन र नियमन गर्ने ।
- स्वास्थ्य सेवा प्रवाहमा समानता र जफावदेहिताको सिद्धान्तलाई आत्मसाथ गरी स्वास्थ्य सेवाका हरेक तह र प्रकारमा नागरिकहरुको सहभागिता बढाउने ।
- स्वास्थ्य सेवालाई सुलभ र प्रभावकारी बनाउन संघीय र स्थानीय सरकार सँग समन्वय र सहकार्य गर्ने ।

स्वास्थ्य नीति, २०८१ अनुमोदित

### ५.१ भावी सोच (Vision)

यस नगरपालिकाका सबै नागरिकहरू शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रूपमा स्वस्थ रही उत्पादनशील र गुणस्तरीय जीवन यापन गर्न सक्षम हुने ।

### ५.२ ध्येय (Mission)

उपलब्ध साधन र स्रोतको अधिकतम प्रयोग गरी सरोकारवाला, सम्बन्धित संघीय मन्त्रालय, प्रदेश सरकार, स्वास्थ्य सेवा प्रदायक, सेवाग्राही र सरोकारवालाहरू बीच समन्वय, साझेदारी र रणनीतिक सहकार्य गरी नागरिकहरूको स्वस्थ्य रहन पाउने मौलिक अधिकारको सुनिश्चित गर्ने ।

### ५.३ लक्ष्य (Goal)

सबै नागरिकहरुलाई स्वास्थ्यको अधिकार सुनिश्चित गर्न आधारभूत र गुणस्तरीय स्वास्थ्य सेवामा सवैको पहुँच बृद्धि गरी समतामुलक र न्यायसंगत एवं जवाफदेही स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट स्वास्थ्य सेवा उपलव्ध गराउने ।

### ५.४ उद्देश्यहरू (Objectives)

- यस नगरपालिकाका नागरिकलाई संबिधान प्रदत्त स्वास्थ्य सम्बन्धि अधिकारको उपभोग गर्न पाउने वातावरण सृजना गर्ने ।
- प्रत्येक नागरिकले सबै तहबाट गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी आवश्यक औषधी, उपकरण, प्रविधि, भौतिक संरचना र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवं जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको स्थापना गर्ने,
- स्वास्थ्य सेवा प्रवाहमा प्रभावकारी जनसहभागिता प्रवर्द्धन गर्ने ।
- स्वास्थ्य सेवा प्रवाहमा सरकारी, नीजि र बहुपक्षीय साझेदारी तथा सहकार्य प्रवर्द्धन गर्ने ।

## ६. नीतिहरु

यस नगरपालिकाको विशिष्टिकृत भौगोलिक तथा स्वास्थ्य सेवा सम्वन्धी समस्या र चुनौतिलाई सम्वोधन गर्दै नगरबासी नागरिकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न देहायका नीति अवलम्वन गरिएको छ ।

६.१. यस नगरपालिकाका हरेक नागरिकलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गर्दै स्वास्थ्य सेवाबाट कोहि नछुटुन भन्ने अवधारणा अवलम्बन गरिने छ ।

६.२ यस नगरपालिका भित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्न न्युनतम पूर्वाधार सहितको निदानात्मक सेवा विस्तार गरिने छ ।

६.३ यस नगरपालिकामा व्यक्ति, परिवार र समाजलाई परिचालन गरि जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्दै नसर्ने रोगको उपचारलाई आधारभूत स्वास्थ्य सेवा स्तर देखि नै व्यवस्थापन गरिनेछ ।

६.४ यस नगरपालिका भित्र स्वास्थ्य सेवा सर्वसुलभ र प्रभावकारी बनाउन जनसंख्या र भूगोलका आधारमा आधारभूत स्वास्थ्य सेवा केन्द्र, सामुदायीक स्वास्थ्य इकाई, शहरी स्वास्थ्य केन्द्रहरु बृद्धि गर्दै स्वास्थ्य जनशक्ति उत्पादन, दरबन्दी निर्धारण, दक्ष जनशक्ति व्यवस्थापन र प्रविधि मैत्री स्वास्थ्य उपकरण तथा पूर्वाधारको व्यवस्थापन गरिनेछ ।

६.५ मातृ मृत्यु, नवजात शिशु मृत्यु र बालमृत्यु घटाउन सुरक्षित मातृत्व, बाल स्वास्थ्य, खोप, परिवार नियोजन, किशोरावस्था लगायतका प्रतिकारात्मक, प्रबर्द्धनात्मक, उपचारात्मक स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुऱ्याइने छ ।

६.६ यस नगरपालिका भित्र स्वास्थ्यको लागि जनशक्तिको ब्यवस्थापनलाई प्रभावकारी रुपमा अघि बढाइनेछ ।

६.७ गुणस्तरीय, सर्वसुलभ औषधि उपकरणमा सर्वसाधरणको सहज पहुँच बनाउने तथा स्वास्थ्य क्षेत्रमा आधुनिक प्रविधिको उपयोगलाई प्रोत्साहित गरिनेछ ।

६.८ "स्वास्थ्य अनुसन्धान" लाई गुणस्तरीय बनाई अनुसन्धानबाट प्राप्त परिणामलाई नगरपालिकाका नीति, रणनीति र योजना र विकास  गर्न प्रभावकारी उपयोग गरिनेछ ।

६.९ नगरबासीहरुको स्वास्थ्य बीमा सुनिश्चित गरी लक्षित बर्ग जस्तै ज्येष्ठ नागरिक, फरक क्षमता भएका नागरीक, किशोर किशोरी, सिमान्तकृत, यौनिक अल्पसंख्यक, एकल महिला, बिभेदमा परेका, घाईतेको स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने ब्यवस्था गरिने छ ।

६.१० सरकारी तथा नीजि क्षेत्रबाट संचालित स्वास्थ्य सेवामा गुणस्तरीयता सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने ब्यवस्था मिलाइनेछ ।

६.११ सरुवा रोग, संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण तथा आकस्मिक र आपत्कालिन अवस्था र महामारी नियन्त्रण जस्ता कार्यका लागि स्थानीय तह वा प्रदेश र संघीय सरकारसँगको समन्वयमा स्वास्थ्य सेवा प्रभावकारी रुपमा परिचालन गरिने छ ।

६.१२ जनस्वास्थ्य क्षेत्रमा लगानी अभिबृद्धि गर्दै संघीय, प्रदेश सरकार तथा नीजि लगायत अन्य लगानीलाई साझा अधिकारको रुपमा ब्यवस्थित गरी स्वास्थ्य सेवामा जनताले व्यक्तिगत खर्च गर्नुपर्ने अवस्थालाई न्यूनीकरण गरिनेछ ।

६.१३ जनस्वास्थ्यको संरक्षण र प्रवर्द्धन गर्नका लागि स्वास्थ्य तथा सरसफाई सेवाको विकास तथा बिस्तार गरिने छ ।

६.१४ स्वास्थ्यकर्मीको सुरक्षा, स्वास्थ्य क्षेत्रमा समुदायको सहभागीता र जनताको स्वास्थ्य सूचनाको हक सुरक्षित गर्दै स्वास्थ्य क्षेत्रमा सुशासन सुनिश्चित गरिने छ ।

६.१५ पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वास्थ्यबर्द्धक, पौष्टिक र स्थानिय स्तरमा उत्पादन हुने (रैथाने) खाद्य पदार्थ उत्पादन, प्रयोग र पहुँचलाई बृद्धि गरिनेछ ।

६.१६ यस नगरपालिका भित्र जन्म, मृत्यु, बसाइ सराई जस्ता ब्यक्तिगत घटना दर्ता कार्यलाई ब्यवस्थित गरी जनसंख्या ब्यवस्थापनका कार्यहरुमा उपयोग गरिनेछ ।

६.१७ यस नगरपालिका भित्र हुने अबैध कृयाकलायहरु जस्तैः कम उमेरका हुने बिवाह र गर्भवती, लैङ्गिक हिंसा, मादक पदार्थ र लागु औषध सेवन, हानिकारक प्रचलन, बिभेदपूर्ण लिंग छनौट आदी ईत्यादीको कार्यहरुलाई निरुत्साहित तथा कानुनी दायरामा ल्याईने छ ।

**७. नीति अर्न्तगतका रणनीतिहरुः**

**नीति १. यस नगरपालिकाका हरेक नागरिकलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गर्दै स्वास्थ्य सेवाबाट कोहि नछुटुन भन्ने अवधारणा अवलम्बन गरिने छ।**

१.१ सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवाहरु गुणस्तरीय र प्रभावकारी रुपमा उपलब्ध गराईने छन ।

१.२ भुगोल र जनघनत्वका आधारमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न मापदण्ड अनुसारका स्वास्थ्य संस्थाहरु स्थापना, बिस्तार र समायोजन गरिनेछ ।

१.३ बिभिन्न निकायको सहकार्य र सहयोगमा निःशुल्क स्वास्थ्य कार्यक्रम र आधारभूत स्वास्थ्य सेवा कार्यक्रमको कार्य योजना बनाई लागू गरिनेछ ।

१.४ बिभिन्न निकायको सहकार्य र सहयोगमा निःशुल्क स्वास्थ्य कार्यक्रम, आधारभूत स्वास्थ्य सेवा, स्वास्थ्य बीमा एवं सामाजिक स्वास्थ्य सुरक्षाका सेवाहरुलाई सामन्जस्यपूर्ण ढंगले संचालन गरिनेछ ।

**नीति २. यस नगरपालिका भित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्न न्युनतम पूर्वाधार सहितको निदानात्मक सेवा विस्तार गरिने छ।**

२.१ साबिकका स्वास्थ्य संस्थाहरुको स्तरोन्ती गरी आवश्यकताको आधारमा सेवा विस्तार गरी गुणस्तरीय उपचार पद्दती सुदृढ गरिने छ।

२.२ वडाहरुसंग समन्वय गरी हरेक वडा तथा स्वास्थ्य सेवाको पहुँच पुग्न नसकेका नागरिकलाई लक्षित गरी सामुदायीक स्वास्थ्य इकाइ, बर्थिङ सेन्टर, मोबाइल (रोमिङ) अ.न.मी. र सामुदायिक अ.न.मी. मार्फत टोल बस्तीमा स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।

२.३ नाक, कान, घाटी, दन्त, मानसिक र आँखा चिकित्सालाई विस्तार गरी उपचार गर्ने व्यवस्था मिलाईनेछ । यस नगरपालिकाका दुर्गम ग्रामीण भेगमा आवधिक रुपमा विशेषज्ञ र दक्ष स्वास्थ्यकर्मीहरुबाट स्वास्थ्य शिविरहरु नियमित रुपमा संचालन गरिने छ ।

**नीति ३. यस नगरपालिकामा व्यक्ति, परिवार र समाजलाई परिचालन गरि जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्दै नसर्ने रोगको उपचारलाई आधारभूत स्वास्थ्य सेवा स्तर देखिनै व्यवस्थापन गरिनेछ।**

३.१ सुर्तिजन्य पदार्थ, मादक पदार्थ र अन्य स्वास्थ्यलाई हानी गर्ने वस्तुहरुको उत्पादन तथा उपभोगलाई निरुत्साहीत गरिने छ ।

३.२ सुर्तिजन्य पदार्थ, मादक पदार्थ जस्ता हानीकारक वस्तु किनवेच र प्रयोगलाई सार्वजनिक संस्था र स्थानमा निषेध गरिनेछ। यस्ता वस्तुको उत्पादन, विक्रि वितरण र प्रयोग नियन्त्रण तथा नियमन गर्ने सम्बन्धी कानून बनाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।

३.३ तोकिए बमोजिमका अवस्थाहरुको समयमा पहिचान गर्न नियमित तथा बिशेष शिविरहरु मार्फत आबश्यक स्वास्थ्य संस्थाहरुमा स्क्रिनिङ सेवाहरु (Uterine Prolepses, Obstetrics Fistula, RFT, VIA, Diabetes, HTN, PAP smear, Mammography) आदि सेवा उपलब्ध गराईनेछ ।

३.४ बढदो नैराश्यता तथा मानसिक रोगलाई न्यूनीकरण गर्न प्राथमिक मानसिक स्वास्थ्य सेवालाई सबै तहका स्वास्थ्य संस्थाबाट प्रवाह गर्ने ब्यवस्था मिलाइनेछ साथै निश्चित स्थान र समयमा बिशेषज्ञ मानसिक स्वास्थ्य सेवा शिविर (Mental Health Clinic) संचालन गरिनेछ ।

३.५ Package of Essential Noncommunicable (PEN) Disease लाई न्युनतम पनि सबै स्थानीय स्वास्थ्य संस्थाहरुमा लागू गरिने छ ।

३.६ उच्च रक्तचाप, मधुमेह, मिर्गौला रोग, मुटुरोग अर्वुदरोग, दम, मोटोपना जस्ता नसर्ने रोगहरुको उपचार, निदान र व्यवस्थापन गर्न विशेष एकिकृत अभियान संचालन गरिने छ ।

३.७ स्वस्थ्य जीवनशैली, शारीरिक व्यायाम, उचित खानपान, नियमित स्वास्थ्य परीक्षण जस्ता स्वास्थ्य प्रवर्धनात्मक कृयाकलापहरू आवश्यक्ता अनुरुप अन्य निकायसंग समन्वय गरी नियमित कार्यक्रममा समावेश गरी संचालन गरिने छ ।

३.८ खोपबाट बचाउन सकिने रोगहरुको उन्मूलन, निवारण र नियन्त्रणका लागि निगरानी कार्य गरिनेछ र नगरपालिकालाई पूर्णखोप सुनिश्चित नगरपालिका घोषणा गरिनेछ ।

**नीति ४. यस नगरपालिका भित्र स्वास्थ्य सेवा सर्वसुलभ र प्रभावकारी बनाउन जनसंख्या र भूगोलका आधारमा आधारभूत स्वास्थ्य सेवा केन्द्र, सामुदायीक स्वास्थ्य इकाई, शहरी स्वास्थ्य केन्द्रहरु बृद्धि गर्दै स्वास्थ्य जनशक्ति उत्पादन, दरबन्दी निर्धारण, दक्ष जनशक्ति ब्यवस्थापन र प्रविधि मैत्री स्वास्थ्य उपकरण तथा पूर्वाधारको ब्यवस्थापन गरिनेछ ।**

४.१ यस नगरपालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा खानेपानी, सरसफाई, बिजुली (वैकल्पिक व्यवस्था सहित), इन्टरनेट सेवा, मापदण्ड अनुसार फोहोरमैला बिसर्जन् सेवाको व्यवस्था गरिने छ ।

४.२ आधारभूत स्वास्थ्य सेवामा जनताको सहज पहुँच बढाउन शहरी स्वास्थ्य केन्द्रहरु स्थापना गर्ने, औचित्यपूर्ण स्थानान्तिरण गर्ने र तिनीहरुमा सेवाको बिस्तार गर्ने व्यवस्था मिलाईने छ । साथै प्रत्येक स्वास्थ्य संस्थाको भौतिक पुर्वाधार, उपकरण, कर्मचारी आवासको राष्ट्रिय मापदण्ड अनुसार १० बर्ष भित्र क्रमागत रुपमा व्यवस्था गरिने छ ।

४.३ मेडिकल स्टोर, कोल्डचेन रुम, बायोमेडिकल इनीजिनयरीङ प्रयोगशालालाई क्रमशः स्थापना गरि ब्यवस्थित रुपमा संचालन गरिनेछ ।

४.४ प्रभावकारी स्वास्थ्य सेवा प्रवर्द्धनका लागि नमुना गाउँ, नमुना वडा, नमुना स्वास्थ्य संस्था, नमुना अस्पताल, नमुना स्वास्थ्यकर्मी अभियान शुरु गरी क्रमागत रुपमा नमुना नगरपालिका निर्माण गरिने छ ।

४.५ नया संरचना अनुरूपको आपूर्ति व्यवस्थापन प्रणाली विकास गरी, विशेष गरी निःशुल्क औषधी, खोप तथा खोपजन्य सामाग्री, परिवार नियोजनका साधनहरू, रेबिज भ्याक्सिन, सर्पदंश भेनम, एच.आइ.भी, क्षयकुष्ठ आदि रोगहरूको औषधी प्रभावकारी रुपमा सप्लाइ चेनको व्यवस्थापन गरिनेछ ।

४.६ आयूर्वेद बैकल्पिक चिकित्सा पद्धतीको विधिलाई क्रमशः एकद्वार प्रणाली मार्फत सेवा प्रवाह गर्ने रणनीति अवलम्बन गरिनेछ ।

स्वास्थ्य नीति, २०७८ ड्राफ्ट

**नीति ५. मातृ मृत्यु, नवजात शिशु मृत्यु र बालमृत्यु घटाउन सुरक्षित मातृत्व, बाल स्वास्थ्य, खोप, परिवार नियोजन, किशोरावस्था लगायतका प्रतिकारात्मक, प्रबर्द्धनात्मक, उपचारात्मक स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुऱ्याइने छ ।**

५.१ राष्ट्रिय तथा प्रादेशिक लक्ष अनुसार हरेक वडाहरुमा हाल संचालित सुरक्षित मातृत्व, परिवाार योजना, किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा, बाल स्वास्थ्य, पोषणसंग सम्बन्धीत कार्यक्रमलाई वडासंग समन्वय गरी प्रभाबकारी रुपले संचालन गर्ने ब्यबस्था मिलाइने छ ।

५.२ स्वस्थ बिद्यालय बाताबरण, बिद्यालय पोषण (दिवा खाजा), जुकाको औषधि, स्क्रिनिङ तथा स्वास्थ्य परीक्षण सेवा, किशोर किशोरी सेवा जस्ता बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिनेछ र यी कार्यक्रमलाई प्रभाबकारी बनाउनका लागि निर्देशिका बनाई बिद्यालय नर्स कार्यक्रम लागू गरिनेछ ।

५.३. मातृमृत्यु दर, नवजात शिशु मृत्युदर र बालमृत्युदर जस्ता महत्वपूर्ण सुचकाङ्कहरुमा आधारित लक्षहरु तय गरी आवधिक कार्ययोजनाहरु तयार गरी लागू गरिनेछ ।

५.४. शहरी स्वास्थ्य केन्द्र तथा आधारभूत स्वास्थ्य केन्द्रहरुबाट प्रवाह हुने सेवालाई बृद्धि गरी सरसफाई प्रबर्द्धन, स्वस्थ व्यवहार प्रबर्द्धन, स्वास्थ्य पराकर्म तथा स्वास्थ्य प्रदर्शनीको रुपमा बिस्तार गरिनेछ ।

५.५ प्रसुति केन्द्रहरुलाई रणनैतिक स्थानमा संचालनका लागि मानव श्रोत (दक्ष प्रसुतिकर्मी) र भौतिक साधन सम्पन्न गराइनेछ । प्रसुती केन्द्रहरूमा आमाघर तथा स्तर अनुसार नवजात शिशु कर्नर (Stablization center, Specialized Newborn Care Unit/Newborn Intensive Care Unit) को सुबिधा उपलब्ध गराइनेछ ।

५.६ नवजात शिशु तथा बाल रोगको एकिकृत ब्यवस्थापनलाई सुदृढ गर्दै प्रभावकारी कार्यान्वयन गरिनेछ ।

५.७ नगरपालिकाको आपतकालिन स्वास्थ्य पूर्व तयारी योजना बनाई सो योजनामा मातृ, नवजात शिशु र बालबालिकाको स्वास्थ्य सेवाको निरन्तरतालाई प्राथमिक अवयबको रुपमा लिइनेछ ।

**नीति ६. यस नगरपालिका भित्र स्वास्थ्यको लागि जनशक्तिको ब्यवस्थापनलाई प्रभावकारी रुपमा अघि बढाइनेछ ।**

६.१ विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसार हुने गरी नगरपालिका स्तरीय आवधिक स्वास्थ्य जनशक्ति गुरुयोजना निर्माण गरी लागू गरिनेछ । संस्थाहरुमा भएको दरबन्धि आवश्यक्ता अनुरुप पुनरावलोकन गरिने छ ।

६.२ बिशेषज्ञ तथा मध्यम स्तरका स्वास्थ्य जनशक्ती ब्यवस्थापनका लागि संघीय, प्रदेश सरकार एवं स्वास्थ्य निर्देशनालयसंग समन्वय र सहकार्य गरिने छ ।

स्वास्थ्य नीति, २०८१ अनुमोदित

६.३ जवाफदेहिपूर्ण एवं प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गर्न मिश्रित दक्ष जनशक्तिको आवश्यकता पहिचान, उत्पादन, परिचालन गर्न तथा नगरपालिकाको विशिष्ट अवस्थामा कार्यरत चिकित्सक एवं स्वास्थ्यकर्मीलाई टिकाउनका लागि प्रोत्साहित गरिनेछ ।

६.४ नगरपालिकाभित्र कार्यरत स्वास्थ्यकर्मीको समुचित व्यवस्थापनको लागि बृत्ति विकास प्रणालीद्धारा ब्यवस्थित गरिनेछ ।

६.५ स्वास्थ्यकर्मीको सेवाको निरन्तरताको लागि सेवा करार, पुल दरबन्दि, दैनिक ज्यालादारी जस्ता उपायहरुको अवलम्बन गरिनेछ ।

**नीति ७. गुणस्तरीय, सर्वसुलभ औषधि उपकरणमा सर्वसाधरणको सहज पहुँच बनाउने तथा स्वास्थ्य क्षेत्रमा आधुनिक प्रविधिको उपयोगलाई प्रोत्साहित गरिनेछ ।**

७.१ सबै स्वास्थ्य संस्थाहरुमा गुणस्तरीय औषधी वितरण हुने व्यवस्था मिलाइनेछ। नगरपालिकाले निर्देशिका निर्माण गरी साझा औषधि पसलको अवधारण बनाई औषधिको गुणस्तर र मूल्य नियन्त्रण गर्नका लागि मुल्य तोक्नुका साथै नियमित अनुगमन नियमन गरी, नगरबासीहरुमा गुणस्तरीय स्वास्थ्य सेवासहित औषधिको पहूँच बृद्धि गरिनेछ ।

७.२ स्वास्थ्य संस्थालाई आधारभूत स्वास्थ्य सेवाको लागि आवश्यक पर्ने औषधि उपकरणको सुची तयार गरी औषधि उपकरण खरिद गर्दा नगरपालिका तथा स्वास्थ्य संस्था वा वडाले खरिद गर्ने औषधिको छुट्टा छुट्टै सुची तयार गरी ब्यवहारमा ल्याइनेछ र नगरपालिकाको खरिद ऐनसंग नबाझिने गरी खरिदको व्यवस्था मिलाईने छ ।

७.३ यस नगरपालिकाको नीति, नियम र निगरानीमा दुर्गम भेगमा नीजि र गैर सरकारी क्षेत्रसंग समन्वय गरी स्वास्थ्य सेवा बिस्तार गर्न प्रोत्साहन गरी व्यवस्थित गरिने छ ।

७.४ उपकरणहरुको मर्मत तथा सम्भारका लागि संघीय, प्रादेशिक, नीजि तथा विकास साझेदार निकायसँग समन्वय गरिनेछ ।

**नीति ८. स्वास्थ्य अनुसन्धानलाई गुणस्तरीय बनाई अनुसन्धानबाट प्राप्त परिणामलाई नगरपालिकाका नीति, रणनीति र योजना विकास गर्न प्रभावकारी उपयोग गरिनेछ ।**

८.१ आवधिक रुपमा नगरपालिका भित्र स्वास्थ्य सम्बन्धि सूचना ब्यवस्थित गर्ने स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मी वा अनुसन्धानकर्तालाई प्रोत्साहित एवं प्रवर्द्धन गर्न उत्कृष्ट अनुसन्धानकर्ता एवं संस्थालाई पुरस्कृत गरिनेछ ।

८.२ स्वास्थ्य सूचना प्रणाली तथा अनुसन्धानबाट आएका निष्कर्ष तथा राष्ट्रिय प्रतिबद्धतालाई योजनामा समावेश गरी कार्यान्वयन गरिनेछ ।

८.३ एकीकृत स्वास्थ्य सुचना प्रणालीमा सूचनाको शुद्धता, समय बद्धता र पूर्णतामा निगरानी गरी गुणस्तरीय बनाइनेछ ।

८.४ स्वास्थ्य सूचना प्रणालीलाई सबै स्वास्थ्य संस्थामा बिद्युतिय माध्यमबाट प्रबिष्ठ गर्ने बातावरण बनाईने छ र स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्थाहरुमा Internet को पहुँच बिस्तार गरि स्वास्थ्य सूचना प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

**नीति ९. नगरबासीहरुको स्वास्थ्य बीमा सुनिश्चित गरी लक्षित बर्ग जस्तै ज्येष्ठ नागरिक, फरक क्षमता भएका नागरीक, किशोरकिशोरी, एकल महिला, सिमान्तकृत, बिभेदमा परेका, घाईतेको स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने व्यवस्था गरिने छ ।**

९.१ नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुबाट प्रवाह गरिने स्वास्थ्य सेवाहरु बालमैत्री, अपांगमैत्री, ज्येष्ठ नागरिकमैत्री, किशोरकिशोरी मैत्री हुनेछन् । समुदायस्तरमा जेष्ठ नागरिक नमूना दिवा सेवा केन्द्र स्थापना एवं विस्तार गरिने छ ।

९.२ छाउपडी, कम उमेरमा विवाह गर्ने र कम उमेर मै गर्भवती हुने कारणले महिलाको स्वास्थ्यमा असर गर्ने हुनाले सचेतना अभिबृद्धि गर्ने तथा महिनावारी भएको बेला छात्राहरुको बिद्यालय उपस्थितिमा निरन्तरता दिन सेनेटरी प्याड निःशुल्क उपलब्ध गराइनेछ ।

९.३ फरक क्षमता भएका नगरबासीहरुको लागी आवश्यकता अनुसारको सहयोगी उपचार व्यवस्था, सहयोगी स्वास्थ्य सामाग्रीको व्यवस्था गरिने छ साथै स्वास्थ्य संस्था र सेवा अपांगमैत्री हुनेछन् । प्यालियटिभ सेवाको पनि क्रमशः शुरुवात र बिस्तार गरिनेछ ।

९.४ प्रेषण प्रणाली प्रभावकारी गरिने छ र सहजीकरण गरिने छ । दुर्गम क्षेत्रबाट उपचारका लागि अन्यत्र प्रेषण भएका विरामीहरुको यस नगरपालिकाबाट सहजिकरण गरिने छ ।

९.५ लैंगिक हिंसामा परेका, बेवारिसे जेष्ठ नागरिक, अलपत्र अवस्थाका बालबालिका, मानसिक स्वास्थ्य समस्या भइ सडकमै रहेका असहाय व्यक्तिहरूलाई अल्पकालीन स्वास्थ्य व्यवस्थापन एवं हेरचाहको लागि नीजि र सरकारी सहकार्यमा पुर्नस्थापना केन्द्र निर्देशिका बनाई स्थापना एवं संचालन गरिने छ । साथै एकद्वार संकट व्यवस्थापन केन्द्रको सुद्धिढीकरण एंव विस्तार गरिनेछ ।

९.६ रिफरल अस्पतालहरुमा सामाजिक सेवा इकाई स्थापना गरी प्रभावकारी ब्यवस्थापन गरिनेछ र कमजोर आर्थिक अवस्था भएका रिफरल बिरामीहरु, लक्षित बर्ग जस्तै ज्येष्ठ नागरिक, गर्भवती तथा सुत्केरी, फरक क्षमता भएका नागरिक, किशोर किशोरी, सिमान्तकृत, बिभेदमा परेका नगरबासीको स्वास्थ्य सेवामा बिशिष्टिकृत गर्न नगरस्तरीय स्वास्थ्य उपचार कोषको स्थापना गरी सो कोषबाट स्वास्थ्य उपचार तथा मृत्यु भएका बिरामीका आफन्तहरुलाई सहयोग गरिने छ ।

९.७ नगरबासीहरुलाई स्वास्थ्य बीमाको पहुँच भित्र ल्याइ स्वास्थ्य बीमा प्रभावकारी बनाइनेछ ।

९.८ राष्ट्रिय स्वास्थ्य बिमा कार्यक्रमलाई वडा समितिसंग समन्वय गरी नगरपालिका भरी प्रबर्धन एवं बिस्तार गरिने छ ।

**नीति १०. सरकारी तथा नीजि क्षेत्रबाट संचालित स्वास्थ्य सेवामा गुणस्तरीयता सुचिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने ब्यवस्था मिलाइनेछ ।**

१०.१ नीजि उपचार प्रदान गर्ने संस्था (एलोपेथिक, आयुर्वेदिक, प्राकृतिक तथा अन्य बैकल्पिक सेवा) निदानात्मक सेवा, प्रयोगशाला सेवा, थेरापी सेवा प्रदायक संस्थाहरुको लागी मापदण्ड, निर्देशिका बनाई सोही अनुसार दता गर्ने, संचालन अनुमति दिने तथा नियमन गर्ने व्यवस्था मिलाईने छ ।

१०.२ प्रचलित कानुनको अधिनमा रहि वातावरणीय सरसफाइ, सुर्ति जन्य तथा मदिरा नियन्त्रण, खाद्य स्वच्छता, औषधीको समुचित प्रयोग र उपचारको नियमन गर्ने र कार्बाही गर्ने व्यवस्था गरिने छ ।

१०.३ नगरपालिका भित्रका सम्पुर्ण स्वास्थ्य संस्थाहरुको नियमन, नियमित अनुगमन, मूल्यांकन गर्न निर्देशिका बनाइ सोही अनुसार गरिनेछ ।

१०.४ यस नगरपालिकाका प्राज्ञिक, पेशागत तथा व्यवसायिक संघ संस्थाहरु, प्रादेशिक तथा प्रचलित नियम र मापदण्ड अनुसार दर्ता, नवीकरण, संचालन र संचालन सम्वन्धी बनेका सम्पूर्ण संघसस्थाहरुलाई नियमित रुपमा अनुगमन र नियमन गरिनेछ ।

१०.५ सबै स्वास्थ्य संस्थाहरुको न्युनतम सेवा मापदण्ड तयार गरी लागु गरिनेछ ।

१०.६ स्वास्थ्य शैक्षिक संस्थाहरुलाई पालिकामा स्थापना र संचालन गर्न प्रोत्साहित गरिनेछ ।

**नीति ११. सरुवा रोग, संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण तथा आकस्मिक र आपत्कालिन अवस्था र महामारी नियन्त्रण जस्ता कार्यका लागि संघीय, प्रदेश र अन्य स्थानीय तहसँगको समन्वयमा स्वास्थ्य सेवा प्रभावकारी रुपमा परिचालन गरिने छ ।**

११.१ आकस्मिक स्वास्थ्य सेवा सबै स्वास्थ्य संस्थाहरुबाट नियमित रुपमा प्रवाह हुने व्यवस्था मिलाइनेछ । तोकिएका स्वास्थ्य संस्थाहरु तथा प्रसुति केन्द्रहरुबाट २४सैं घण्टा आकस्मिक स्वास्थ्य सेवा प्रवाह हुनेछ ।

११.२ यस नगरपालिका भित्र सरकारी, नीजि, सामुदायीक रुपमा संचालन हुने एम्बुलेन्स एवं शव वाहन सेवालाई आवश्यकता अनुसारको निकायसंग समन्वय गरी निर्देशिका एवं मापदण्ड तयार गरी व्यवस्थित तरिकाले संचालन गर्ने व्यवस्था मिलाईने छ । यस सेवाको उपलब्धता बढाउनुका साथै शुल्कमा नियमन गरिने छ ।

११.३ नगरपालिकाको आपतकालीन स्वास्थ्य पूर्वतयारी योजना बनाईनेछ र नगरपालिका भित्रका रणनितिक स्थानहरूमा आकस्मिक स्वास्थ्य अवस्थामा आवश्यक पर्ने औषधी, उपकरण तथा अन्य सामाग्रीहरु जगेडा (Buffer Stock) को रूपमा राखिनेछ ।

११.४ सम्बन्धित निकायको सहकार्यमा प्राकृतिक प्रकोप, महामारी र सडक दुर्घटना जस्ता आकस्मिक स्वास्थ्य सेवालाई तत्काल व्यवस्थापन गर्न नगरपालिका स्तरीय समिति र द्रुत प्रतिकार्य टोली (RRT) गठन गरिने छ । नगरपालिका स्तरीय आकस्मिक स्वास्थ्य परिचालन केन्द्र (HEOC/Early Warning Reporting System (EWARS) संयन्त्र प्रभावकारी बनाईने छ ।

११.५ दुर्गम क्षेत्रबाट आकस्मिक स्वास्थ्य अवस्था परि संकटमा रहेका (सुत्केरी ब्यथा, चोटपटक) को अवस्थामा हवाई माध्यमबाट उद्धार गर्न प्रदेश सरकार वा सम्बन्धित निकायसँग समन्वय गरिनेछ ।

११.६ संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण गर्न हाल संचालित क्षयरोग, कुष्ठरोग, एड्स, किटजन्यरोग आदि रोग सम्बन्धी कार्यक्रम कार्यान्वनयनको स्थानीय निकायको समन्वयमा अनुगमन गरी सोको प्रभावकारी रुपमा संचालन र आवश्यकता अनुसार परिमार्जित गरिने छ ।

११.७ संघीय तथा प्रादेशिक स्वास्थ्य संस्था जन्य फोहोरको व्यवस्थापन तथा बिसर्जन सम्बन्धि मापदण्डलाई नगरपालिका स्तर र स्वास्थ्य संस्था स्तरमा प्रभावकारी रुपमा लागू गरिनेछ ।

**नीति १२. जनस्वास्थ्य क्षेत्रमा लगानी अभिबृद्धि गर्दै संघीय, प्रदेश सरकार तथा नीजि लगायत अन्य लगानीलाई साझा अधिकारको रुपमा व्यवस्थित गरी स्वास्थ्य सेवामा जनताले व्यक्तिगत खर्च गर्नुपर्ने अवस्थालाई न्यूनीकरण गरिनेछ ।**

१२.१ औषधीको समूचित व्यवस्थापन र वितरणका लागि नगरपालिका स्तरीय औषधी भण्डारणको (Medical Store) व्यवस्था गरिनेछ ।

१२.२ नगरपालिकाको कुल बजेटको कम्तिमा १० प्रतिशत बजेट स्वास्थ्य क्षेत्रका लागि सुनिश्चित गर्ने साथै सो बजेट क्रमश बृद्धि गरिनेछ ।

१२.३ अति गरिब, असहाय, द्धन्द पीडित, फरक क्षमता भएका नागरिक, जेष्ठ नागरिक र संघीय सरकारले तोके बमोजिमलाई यस नगरपालिकाले परिचय पत्र प्रदान गरी सम्पूर्ण स्वास्थ्य सेवा निःशुल्क गरिने छ । उल्लेखित लक्षित समुदायहरुका लागि बिशेष स्वास्थ्य कार्यक्रम बनाई पहुँच र स्वास्थ्यको स्तर बृद्धि गरिनेछ । साथै त्यस्ता समुदायलाई स्वास्थ्य बीमामा समावेश गर्न सहुलियत रुपमा आवश्यक निकायहरुसँग समन्वय गरी कार्यान्वयन गरिनेछ ।

१२.४ यस नगरपालिका भित्र कार्यरत गैर सरकारी तथा निजि क्षेत्र बीचको सहकार्य तथा साझेदारीलाई प्रवर्द्धन तथा नियमन गरिनेछ ।

**निति १३. जनस्वास्थ्यको संरक्षण र प्रवर्द्धन गर्नका लागि स्वास्थ्य तथा सरसफाई सेवाको विकास तथा बिस्तार गरिने छ ।**

१३.१ यस नगरपालिका भित्रका समुदाय, स्वास्थ्य संस्था तथा सबै बिद्यालयहरुमा स्वच्छ खानेपानीको व्यवस्था गरिने छ ।

१३.२ समुदायमा बितरण गरिएको खानेपानी तथा व्यवसायिक रुपमा उपलब्ध खानेपानीको निरन्तर गुणस्तर परीक्षण र निगरानी गरिने छ ।

१३.३ वडा समितिहरुसंग समन्वय र सहकार्य गरी घर, समुदाय, बजार तथा स्वास्थ्य संस्थाको फोहोरको उचित संकलन र व्यवस्थापन गरिने छ ।

१३.४ वडा समितिहरु संग समन्वय र सहकार्य गरी दुर्गम बस्तीहरुमा स्वास प्रस्वास रोगको कारक मानिएको घरभित्र हुने धुँवा (Indoor pollution) नियन्त्रण गर्न सफा र आधुनिक चुलो अभियान संचालन गरिने छ ।

१३.५ वडा समितिहरुसंग समन्वय र सहकार्य गरी खुला दिशामुक्त नगरपालिकाबाट पूर्णसफा नगरपालिका बनाईनेछ र सो को दिगोपनाको रणनिती तयार गरि कार्यान्वयन गरिनेछ ।

१३.६ यस नगरपालिका भित्र खानेपानी, हावा, ध्वनीको गुणस्तरको मापदण्ड निर्धाणर, कार्यान्वयन र नियमन गरिनेछ ।

१३.७ यस नगरपालिका क्षेत्र भित्रका घरबाट निस्कने फोहोरमैलाको बैज्ञानिक बिधिबाट प्रशोधन गरी व्यवस्थापन गरिने छ । यसका लागि आवश्यक निकाय, संघ संस्थाहरु संग समन्वय गरिने छ ।

स्वास्थ्य नीति, २०७९, जनकपुर

१३.८ जलवायु परिवर्तन, मौसम परिवर्तनका कारक तत्वलाई मध्यनजर गर्दै काम र कार्यस्थलका कारणले स्वास्थ्यमा पर्ने हानीबाट बचाउन सरकारी तथा नीजि सबै क्षेत्रहरुसंग समन्वय गरी स्वास्थ्य सचेतना सम्वन्धी कार्यक्रम संचालन गरिनेछ ।

**निति १४. स्वास्थ्यकर्मीको सुरक्षा, समुदायको स्वास्थ्य क्षेत्रमा सहभागीता र जनताको स्वास्थ्य सूचनाको हक सुरक्षित गर्दै स्वास्थ्य क्षेत्रमा सुशासन सुनिश्चित गरिने छ ।**

१४.१ स्वास्थ्य सेवा प्रदायक व्यक्ति र संस्थाहरुको सुरक्षाको लागि प्रचलित कानुनी व्यवस्थालाई नगरपालिकामा प्रभावकारी रुपमा लागू गरिनेछ ।

१४.२ स्वास्थ्य सेवामा, स्वास्थ्य पूर्वाधार निर्माणमा हुने ढिलासुस्ती तथा गुणस्तरहिन कार्यलाई निरुत्साहित गरिने छ । स्वास्थ्यकर्मीहरुलाई आफ्नो काम, कतव्य प्रति जवाफदेही बनाईने छ ।

१४.३ स्वास्थ्य सुशासन कायम गर्नको लागी सामाजिक परिक्षण, स्वास्थ्य चौकी न्यूनतम सेवा मापदण्ड, नागरिक बडापत्र, सुझाव पेटिका र बिज्ञहरु सहितका जिम्मेवार समितिहरुको ब्यबस्था गरिनेछ छ । स्वास्थ्य सम्बन्धी गुनासो सुनुवाईको लागी पनि आवश्यक संयन्त्रको प्रयोग गरिने छ ।

१४.४ स्वास्थ्यसंग सम्बन्धीत राष्ट्रिय र अन्तराष्ट्रिय गैर सरकारी संघ संस्था तथा दातृ निकायहरुलाई जनतामुखी र परिणाममूखी कार्य गर्नको लागि उत्पेरित गरिने छ ।

१४.५ समुदायको विशिष्ट संस्कृती संस्कारलाई आत्मसात गर्दै स्वास्थ्य सेवालाई सेवाग्राही मैत्री बनाई स्वास्थ्यलाई मौलिक हकको सुनिश्चितता गरिनेछ ।

१४.६ नागरिकलाई स्वास्थ्य सम्बन्धि सूचनाको हक तथा सेवाग्राहीले उपचार संम्बन्धि जानकारी पाउने हक सुरक्षित गर्न सूचना तथा संचार कार्यलाई प्रभावकारी कार्यान्वयन गरिनेछ । प्रत्येक स्वास्थ्य संस्थामा सूचना अधिकारीको व्यवस्था गरिने छ ।

१४.७ महिला सामुदायिक स्वास्थ्य स्वयंसेबिकाहरुको प्रचलित कानुन अनुसारको बिदाई, नयाँ नियूक्ति, क्षमता अभिबृद्धि गर्दै समुदायको स्वास्थ्य क्षेत्रमा सहभागीता र जनताको स्वास्थ्य सूचनाको हक सुरक्षित गरी स्वास्थ्य परामर्शदाताको रुपका स्थापित गरिने छ ।

**नीति १५. पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वास्थ्यबर्द्धक, पौष्टिक र स्थानिय स्तरमा उत्पादन हुने (रैथाने) खाद्य पदार्थ उत्पादन, प्रयोग र पहुँचलाई बृद्धि गरिनेछ ।**

१५.१ खाद्य विविधीकरणमा जोड दिदै स्थानीय तहसंग समन्वय र सहकार्य गरी पोषण व्यवहार परिवर्तन गर्ने तथा बजारिया/प्याकेटका खाना (Junk Food) लाई निरुत्साहित गर्ने सम्बन्धी कार्यक्रमहरु नियमित रुपमा संचालन गरिनेछ ।

१५.२ अर्गानीक तथा पोषणयुक्त खाद्यवस्तुको उत्पादन वृद्धि गर्न, हरित गृह तथा प्रत्येक परिवारमा सुधारीएको करेशाबारी निर्माण गर्न र खानामा विविधीकरण गरी उपभोग गर्न प्रोत्साहित गरिनेछ । यस सम्बन्धिको कार्यक्रम कृषि शाखासंग समन्वय गरेर बनाई लागु गरिने छ ।

१५.३ पोषणयुक्त बाल पौष्टिक आहार, दिवा खाजा लगायतका अन्य खाद्य पर्दाथ उत्पादनका लागि पोत्साहन गरिनेछ र सोको गुणस्तर कायम गर्ने प्रावधान बनाईनेछ । नगरस्तरीय समितिबाट निरन्तर बजार अनुगमन गरिने छ ।

१५.४ वडा समितिहरुसंग समन्वय र सहकार्य गरी स्थानीय स्तरमा उपलब्ध पौष्टिक तत्वयुक्त खाद्य पदार्थ उपयोग गर्नका लागि उत्प्रेरित गरिनेछ । यस्ता खाद्य पदार्थ प्रसोधन तथा बजारीकरणका लागि अन्य शाखा वा सरोकारवालाहरुसंग समन्वय गरी साना किसान/व्यवसायी अनुदान कार्यक्रम संचालन गरिनेछ ।

१५.५ बहु क्षेत्रीय पोषण कार्यक्रम, एकिकृत शिघ्र कुपोषण व्यवस्थापन कार्यक्रम लगायत पोषणसँग सम्बन्धी कार्यक्रम विस्तार, परिष्कृत एवं प्रभावकारी बनाइनेछ । संघ तथा प्रदेश सरकारसंगको सहकार्यमा पोषण पुर्नस्थापना केन्द्रहरू स्थापना गरिनेछ ।

१५.६ सरोकारवालाहरु संग समन्वय र सहकार्य गरी स्थानीय बजारमा खाद्य पदार्थमा मिसावट र अखाद्य पदार्थ नियन्त्रण गरिने छ । स्वस्थ मासु तथा दुध उत्पादन बिक्रि बितरणको लागी नियमन गरिने छ । कुनै पनि तयारी खानेकुराहरुमा अनिवार्य लेवलिङको व्यवस्था गरिने छ ।

१५.७ दुईबर्ष मूनिका बालबालिकाको नियमित बृद्धि अनुगमन गरिनेछ । गर्भवति र २ बर्षमूनीका बच्चाका आमाहरुको र बिशेष गरी कम तौल भएका बच्चाहरुलाई लक्षित गरी नगर स्तरीय कार्यक्रम मार्फत पोषणको स्थीति सुधार गरिनेछ ।

**नीति. १६. यस नगरपालिका भित्र जन्म, मृत्यु, बँसाइ सराई जस्ता ब्यक्तिगत घटना दर्ता कार्यलाई ब्यवस्थित गरी जनसंख्या ब्यवस्थापनका कार्यहरुमा उपयोग गरिनेछ ।**

१६.१ यस नगरपालिका भित्र जन्म, विवाह, मृत्यु, बँसाइ सराई जस्ता ब्यक्तिगत घटना दर्ता कार्यलाई ब्यवस्थित गरिनेछ ।

१६.२ जनसंख्या सम्बन्धित सूचना र तथ्याकंलाई विकास आयोजना तर्जुमा गर्दा र कार्यक्रम विकास गर्दा प्रमुख रुपमा उपयोग गरिनेछ । सूचनाको आधारमा तथ्यमा आधारित रहि स्वास्थ्यको योजना तर्जूमा गरिने छ ।

१६.३ वडा कार्यालयहरु संग समन्वय गरी हरेक बालबालिकाको अनिवार्य जन्मदर्ता समयमै गर्ने गराउने ब्यवस्था गरि ५ बर्ष सम्म ट्र्याकिंग गरिने छ ।

१६.४ समुदायस्तरमा भएको हरेक नवजात शिशु एवं मातृ मृत्युको कारण पहिचान गर्न मृत्यु पश्चात गरिने भर्बल अटप्सि विधिलाई पद्धतीबद्ध गरिनेछ ।

१६.५ मौसमी बसाई सराई, श्रम बसाई सराई, जडिबुटी संकलनको समयका लागि आधारभूत स्वास्थ्य सेवा घुम्ती स्वास्थ्य क्लिनिकहरु मार्फत प्रदान गरिने छ ।

१६.६ वडा समितिहरुसँग समन्वय गरी दुर्गममा छरिएका र जोखिममा रहेको बस्ती पहिचान गर्ने, एकिकृत बस्ती विकासको लागि अध्ययन एवं पैरबी गर्नुका साथै वस्ती विकास योजना तर्जुमा गरी संघीय सरकार र प्रदेश सरकारसंगको समन्वय र सहयोगमा वस्ती विकास कार्यक्रम कार्यान्वयन गर्न जोड दिइनेछ ।

१६.७ स्वस्थ्य, सुखी परिवार बनाउन वडा समिति तथा स्वास्थ्य संस्थाहरुसंग समन्वय र सहकार्यमा ब्यवस्थित परिवार एवं परिवार योजना सम्बन्धि कार्यक्रम संचालन गरिनेछ ।

स्वास्थ्य नीति, २०७८ अनुपा

१६.८ स्वास्थ्य उपलब्धि हासिल गर्न संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गर्नुका साथै बहुपक्षीय, दुईपक्षीय, तथा राष्ट्रिय, अन्तर्राष्ट्रिय, बहुक्षेत्रीय सहकार्यद्धारा विकास साझेदारहरुको सहयोगलाई प्रभावकारी ढंगबाट परिचालन गरिनेछ ।

**नीति १७. यस नगरपालिका भित्र हुने अबैध कृयाकलायहरु जस्तैः बाल विबाह र कम उमेरमा हुने गर्भवती, लैङ्गिक हिंसा, मादक पदार्थ र लागु औषध सेवन, हानिकारक प्रचलन, बिभेदपूर्ण लिङ्ग छनौट आदी ईत्यादीको कार्यहरुलाई निरुत्साहित तथा कानुनी दायरामा ल्याईने छ ।**

१८.१ यस नगरपालिकाले आफ्नो बार्षिक स्वास्थ्य कार्यक्रमहरुमा स्वास्थ्य सचेतना कार्यक्रमहरु समाबेश गर्नेछ ।

१८.२ बिभिन्न सरोकारवालाहरु संगको समन्वयमा बाल विबाह र कम उमेरमा हुने गर्भवती, लैङ्गिक हिंसा, मादक पदार्थ र लागु औषध सेवन, हानिकारक प्रचलनहरुलाई निरुत्साहित, नियमन र प्रचलित कानुन अनुसार कारवाहि गरिनेछ ।

१८.३ यस पालिका भित्रका नागरिकहरुबाट हुने बिभेदपूर्ण लिङ्ग छनौट गरी हुने गैर कानुनी कार्यहरुलाई निरुत्साहित गर्ने र सरोकारवालाहरुको समन्वय र सहकार्यमा प्रचलित कानुन अनुसारको कारवाहिको सिफारिस गरिने छ ।

## ८. संस्थागत संरचना

८.१ नीति कार्यान्वयनका लागि यस नगरपालिकाको नेतृत्वमा सबै स्वास्थ्य संस्थाहरु रहनेछन । त्यस्तै नीतिमा उल्लेख भएको स्वास्थ्य अर्न्तगत सेवा प्रवाहका लागि नगरपालिका स्तरमा स्वास्थ्य शाखा स्थापना गरी प्रभावकारी बनाइनेछ साथै समन्वयका लागि सामाजिक विकास समितिलाई जिम्मेवार बनाइनेछ ।

८.२ मानव संशाधन विकासका लागि संघीय सरकार, प्रदेश सरकार, प्रदेश लोक सेवा, स्वास्थ्य प्रतिष्ठान वा मेडिलक कलेज र अन्य स्वास्थ्य जनशक्ति उत्पादन गर्ने निकायहरु, क्षमता अधिवृद्धिका लागि समन्वय गरिनेछ ।

८.३ स्वास्थ्य संस्थाहरुमा ल्याव सेवा, आँखा उपचार सेवा र प्रत्येक वडामा एउटा आधारभूत स्वास्थ्य केन्द्र तथा आवश्यकता अनुसार शहरी स्वास्थ्य केन्द्र स्थापनाको लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय एवं सहजीकरण गरिने छ ।

## ९. आर्थिक पक्ष

यस नीतिको कार्यान्वयन मूलतः नगरपालिकाको सामाजिक विकास शाखाको नियमित बजेटबाट गरिनेछ । यस नीतिमा रहेका उद्धेश्यहरु हासिल गर्न नगरपालिकाका सवै शाखाहरुको कार्यक्रम तथा बजेटमा सहयोग र सहकार्य गरी सबै नीतिमा स्वास्थ्यको अवधारणालाई अगाडी ल्याइनेछ । नेपाल सरकार र सुदुर पश्चिम प्रदेश सरकारको नियमित बार्षिक कार्यक्रम मार्फत यस नीतिले अवलम्बन गरेका रणनीति तथा कार्यनीतिहरु सम्बोधन गराउन पहल गरिनेछ । यसका साथै यो नीति कार्यान्वयन गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदारहरु, संयुक्त राष्ट्र संघीय निकायहरु र नीजि क्षेत्रसँग समेत समन्वय, सहकार्य र साझेदारी गरी आवश्यक श्रोत व्यवस्थापन गर्न पहल गरिनेछ ।

## १०. अनुगमन र मूल्यांकन

यस नीति कार्यान्वयनको क्रममा अनुगमन गर्ने, अपेक्षित नतिजा र प्रतिफल प्राप्तीको मल्यांकन गर्ने दायित्व सामाजिक विकास समिति र स्वास्थ्य शाखाको हुनेछ । यसको लागि उक्त शाखाको संयन्त्र र क्षमता विकास  गरिनेछ । वडा समितिहरु एवम अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा सहभागितामुलक अनुगमन प्रक्रिया अवलम्बन गरिनेछ । प्रत्येक पाँच वर्षमा यस नीतिको समीक्षा गरी आवश्यकता अनुसार परिमार्जन गर्दै लगिनेछ ।

## ११. नीति कार्यान्वयनको कार्ययोजना

नीति कार्यान्वयनका लागि यस नगरपालिकाको स्वास्थ्य ऐन तर्जुमा गरिनेछ । स्वास्थ्यसँग सम्बन्धित आवश्यक ऐन, कानून, नियमावली तथा अन्तर्राष्ट्रिय स्तरमा नेपालले गरेका प्रतिवद्धताको अधीनमा रही यस नीति कार्यान्वयनका लागि तत्कालीन, मध्यकालीन र दिर्घकालीन कार्ययोजना बनाईने छ र सोही कार्ययोजना अनुसार बार्षिक योजना तथा कार्यक्रम र बजेट निर्माण कार्यान्वयन गरिनेछ । बार्षिक रुपमा कार्ययोजना कार्यान्वयनको समीक्षा गरी पुनरावलोकन गरिनेछ ।

## १२. जोखिम

राज्यको पुनःसंरचनाको प्रारम्भिक चरण, बढ्दो जनआकांक्षा, नगरपालिका संस्थागत विकास को चरणमा रहेको, सिमित साधन र स्रोत, प्राथमिकतामा स्वास्थ्य क्षेत्र, समग्र विकास को मुद्दाका रुपमा स्थापित गराउनु पर्ने बिद्यमान अवस्थामा यस नीति तथा रणनीतिले अपेक्षा गरेका नतिजाहरु प्राप्तिमा केही जोखिम हुन सक्छन । यद्यपी उल्लेखित जोखिमको बाबजुद नगरवासीलाई सर्वसुलभ, गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चित गरी स्वस्थ नागरिकहरु तयार गर्न यस स्वास्थ्य नीति २०८१ को प्रभाबकारी कार्यान्वयन गर्ने गरी जोखिमको न्युनिकरण गरिनेछ ।

## १३. खारेजी

यस अधिको जति पनि स्वास्थ्य नीति लागु भए पनि, यस नीति लागु भएको मितीबाट खारेज गरिएको छ ।